STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ८६ ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०७८ चैत २७ गते आइतबार ❑ 10 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## एमाले विकास र समृद्धिको पक्षमा छ : अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ चैत**

नेकपा (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आफू प्रधानमन्त्री हुँदा झोलुङ्गे पुल, बाटोघाटो र तुइन हटाउने काममा कृतिमानी कायम गरेको दाबी गर्नुभयो ।

शनिबार एमाले बागलुङको प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले वर्तमान सरकारले बजेट नभएको भन्दै योजना कटौती गर्नबाहेक अरु केही गर्न नसकेको आरोप लगाउनुभयो । यसैबीच अध्यक्ष ओलीले एमाले पर्वतले कुश्माबजारमा आयोजना गरेको जनसभालाई सम्बोधन गर्नुभएको छ । उहाँले हरेक जिल्ला र बस्तीमा एमालेको पक्षमा माहोल बढेको दाबी गर्नुभयो । अध्यक्ष ओलीले कुश्मामा रेलको स्टेशन बन्न सक्ने तर्क गर्दै भन्नुभयो, “यहाँ रेलमार्ग, सुरुङमार्ग पनि क्रमशः बन्दै जान्छन् ।” सो अवसरमा उहाँले रक्सोल-काठमाडौं रेल र केरुङ-काठमाडौं रेलमार्ग निर्माण प्रक्रिया सुरु भइसकेको बताउनुभयो । आफ्नो कार्यकालमा तुइन विस्थापन, हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्गलगायत अनेक स्वरोजगार र कृषिको आधुनिकीकरण, सघन सहरी विकास, डिजिटल नेपाललगायत कार्यक्रम सञ्चालन गरेको अध्यक्ष ओलीको दाबी थियो । उहाँले नेपाल विकासको मार्गमा अत्यन्तै तीव्रताका साथ अघि बढेको बताउँदै धरहरा, रानीपोखरी, अस्पताल, स्वास्थ्यचौकी, विद्यालय, सिँचाइ, घर-घरमा धारा बनिरहेको उल्लेख गर्नुभयो ।



## नेपाल परिवार नियोजन संघ कास्की शाखाको वार्षिक शाखा सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

नेपाल परिवार नियोजन संघ कास्की शाखाको ४१ औ वार्षिक शाखा सभा शनिवार सम्पन्न भयो ।

नेपाल परिवार नियोजन संघका कन्द्रीय अध्यक्ष हिमालय लाल कसजुले कार्यक्रमको उद्घाटन गर्दै यो संघमा आवद्ध भएपछि धेरै विषय सिक्ने अवसर मिलेको भने । संस्थामा आवद्ध सयौ स्वयंसेवक र कर्मचारीहरुलाई साथीको व्यवहारसँगै सदैव खुशी हुने वातवरण सृजना गर्नु पर्नेमा अध्यक्ष कसजुको जोड थियो । संस्थालाई दीर्घकालीन रुपमा अगाडि बढाउनु आय स्रोत बलियो बनाउनु पर्ने कसुले भने । नेपाल परिवार नियोजन संघ कास्की शाखाका सभापति निरञ्जन प्रसाद श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय महासचिव अर्जुन सिग्देल, केन्द्रीय कोषाध्यक्ष ज्योति श्रेष्ठ, गण्डकी प्रदेशका संयोजक उमेश पराजुली, पूर्व केन्द्रिय सदस्य विश्वमोहन गौचन, पुर्व सभापति बसन्त उदास लगायत वोलेको कार्यक्रममा कास्की शाखाका उपसभापति नविन सिग्देलले स्वागत गरेका थिए ।

कार्यक्रममा कास्की शाखाका सचिव निशा भण्डारी र कोषाध्यक्ष राजेश अधिकारीले प्रस्तुत गरेका प्रतिवेदन सर्वसम्मत पारीत भएको कार्यक्रममा युवा समितिका सदस्य विष्णुप्रसाद दाहालले संचालन गरेका थिए ।



## आँखा उपचार सेवा प्रभावकारी बन्दै गएको छ : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले नेपालमा आँखा उपचार सेवा प्रभावकारी बन्दै गएको बताउनुभएको छ ।

नेपाल नेत्रज्योति सङ्घको केन्द्रीय सभाको २७औं अधिवेशनको आज पोखरामा उद्घाटन गर्दै उहाँले पछिल्लो समयमा आँखा उपचार सेवामा भित्रिएका नवीनतम् प्रविधिले सेवालाई प्रभावकारीसँगै विश्वसनीय बनाएको बताउनुभयो ।

“मानव जीवनलाई विश्वसामु परिचित गराउने महत्वपूर्ण अङ्ग आँखा हो”, प्रमुख गुरुङले भन्नुभयो, “यसको उपचार सेवालाई सहर केन्द्रित मात्र नगरी ग्रामीण एवं दुरदराजका स्थानसम्म पुऱ्याउनुपर्ने आवश्यक छ ।” आँखामा लाग्ने विभिन्न खाले रोगको उचारमा नेत्रज्योति सङ्घको पहलमा दातासँगै दातृ राष्ट्रका विभिन्न सङ्घसंस्थाको महत्वपूर्ण योगदान गरेको बताउँदै उहाँले मुलुकका तीनै तहका सरकारले यसको अपनत्व लिनुपर्नेमा जोड दिनुभयो । नेपाल नेत्रज्योति सङ्घका केन्द्रीय अध्यक्ष डा चेतनारायण पन्तले मुलुकमा २७ आँखा अस्पताल र १४५ आँखा उपचार केन्द्रमार्फत सेवा प्रदान गर्दिँदै आएको बताउँदै निकट भविष्यमा पाँच अस्पताल र २५ उपचार केन्द्र थप गरिने जानकारी दिनुभयो । विश्व स्वास्थ्य सङ्गठनको सन् २०३० सम्म आँखाको उपचार अभावमा कोही अन्धकारमा नरुमल्लिने अभियानमा नेपाल सरकारले पनि प्रतिबद्धता जनाएको बताउँदै उहाँले यस अभियानलाई सफल बनाउन सङ्घ निरन्तर लाग्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

नवीनतम प्रविधि र दक्ष जनशक्ति उत्पादनमा समेत सङ्घले जोड दिँदै आएको बताउँदै उहाँले यसैका कारण आँखा उपचारका लागि विदेशबाट समेत नेपाल आउने गरेको बताउनुभयो । प्रतिनिधिसभा सदस्य प्रभुनारायण चौधरीले दाताहरूको सहयोग र सामाजिक व्यक्तित्वको अहं भूमिका एवं चिकित्सकको निरन्तर सेवाभावले नै मुलुकमा आँखा उपचार सेवा प्रभावकारी बन्न सकेको दाबी

बाँकी अन्तिम पृष्ठमा ▶▶



## नेकपा (एमाले) पोखरा-९ को निर्वाचन कार्यालय उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

जनआन्दोलन ६२/६३ का प्रथम सहिद भिमसेन दाहालको १६ औं स्मृति दिवसको सन्दर्भमा नेकपा एमाले वडा कमिटिको आयोजनामा निर्वाचन परिचालन कमिटिको सम्पर्क कार्यालय सनिवार उद्घाटन भएको छ ।

कार्यालयको उद्घाटन र नया वर्षको क्याण्डर विमोचन गर्दै नेकपा एमाले केन्द्रीय सदस्य तथा सांसद कृष्ण वहादुर थापाले नेकपा एमाले जनताको मन जित्दै अगाडि वढिरहेको वताउदै जनताले टोल वडा स्तरवाटै एमालेलाई विजयी गराउने वताए । कार्यक्रममा नेकपा एमाले कास्की सदस्य गोपि तुलाचनले नेकपा एमालेले राम्रो काम गरेको वताउदै अवको स्थानिय तहको निर्वाचनमा एमाले एक नम्वरको पर्टि हुने वताए ।

कार्यक्रममा नेकपा एमाले पोखरा माहानगरपालिका सचिवालय सदस्य कमल श्रेष्ठ ले पोखरा ९ मा नेकपा एमालेका उमेदवारहरू सर्वसम्मत चयन हुने वताए । नेकपा एमाले महानगर सदस्य तथा वडा ईन्चार्ज प्रकाश शर्माले सुखि नेपाली संमृद्ध नेपाल निर्माण गर्न नेकपा एमालेले चुनाव जित्नु पर्ने वताए । नेकपा एमाले पोखरा ९ का अध्यक्ष प्रेम गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव जगदिस खनालले गरेका थिए ।



## जनार्दनको गजल संग्रह सार्वजनिक, ४ जनालाई शुक्ला साहित्य पुरस्कार

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

गजलकार जनार्दन दाहालको तेस्रो गजल सङ्ग्रह ‘यी मान्छे, यी नजर’ शनिबार तनहुँमा सार्वजनिक गरिएको छ ।

शुक्ला साहित्य सङ्गम, दुलेगौँडाद्वारा आयोजित कार्यक्रममा वरिष्ठ साहित्यकार सरुभक्तले कृतिको लोकार्पण गरे । शुक्ला साहित्य सङ्गमले तनहुँको साहित्यिक फाँटमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सरुभक्तले जनार्दन १ नम्बर प्रदेशका स्थायी बासिन्दाभन्दा बढी गण्डकी प्रदेशकै एक महत्वपूर्ण स्रष्टाका रूपमा आफूले चिनेको स्मरण गरे । आफूले चिनेदेखि नै दाहाल एक धैर्यशील सर्जक भएको उनको भनाइ थियो । गजल र कविता दुवैमा कलम चलाउने जनार्दनको सम्पादक व्यक्तित्वबाट पनि आफू प्रभावित भएको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपतिसमेत रहेका सरुभक्तले सुनाए । कृतिको समीक्षा गर्दै साहित्यकार रुपिन्द्र प्रभावीले दाहालको ‘यी मान्छे, यी नजर’ गजल सङ्ग्रहभित्र गेय गुणले युक्त गजलहरू समेटिएको बताए । समसामयिक धाराका प्रतिभाशाली गजलकारका रूपमा दाहाललाई सङ्ग्रहले स्थापित गर्ने उनको भनाइ थियो । ‘जनार्दन दाहाल जीवन र जगत्का विसङ्गतिहरूलाई शालीन प्रहार गर्ने गजलकार हुन्’ प्रभावीले भने, ‘शास्त्रीय बहरमा पनि गजल लेख्ने रहर कृतिमार्फत् देखाए पनि स्वनिर्मित लयविधानमै लेखिएका उनका गजलहरू सशक्त छन् ।’ उनले दाहाललाई परिपक्व गजलकार रूपमा चिनाए । मिडिया रिसर्च सेन्टरद्वारा प्रकाशित कृतिभित्र ८५ ओटा गजल समेटिएका छन् ।

यसअघि दाहालका २०६३ मा ‘मधुरिमा’ र २०६४ मा ‘उद्वेलित मनहरू’ गजल सङ्ग्रह प्रकाशित छन् । २०६४ मा ‘कविको मृत्यु’ कविता सङ्ग्रह पनि पाठकमाझ ल्याएका उनको ‘यी मान्छे, यी नजर’ चौथो कृति हो । झापाको अर्जुनधारामा जन्मेका गजलकार दाहाल विगत २ दशकदेखि तनहुँको दुलेगौँडामा रही साहित्य र शिक्षाको क्षेत्रमा क्रियाशील छन् । उनी शुक्ला साहित्य सङ्गमका पूर्व अध्यक्षसमेत हुन् । यसै बिच, शुक्ला साहित्य सङ्गमले ४ जना स्रष्टालाई शुक्ला साहित्य पुरस्कार प्रदान गरेको छ । कला र साहित्यका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै बिम्बकवि रमेश श्रेष्ठलाई १५ हजार रुपैयाँसहितको शुक्ला विशिष्ट सम्मान, गजलकार जनार्दन दाहाललाई १० हजार नगदसहितको शुक्ला पुरस्कार, कवि अनिल श्रेष्ठलाई ५ हजार रुपैयाँ नगदसहितको शुक्ला प्रतिभा पुरस्कार र बालप्रतिभा अनुप लामिछानेलाई २ हजार ५ सय रुपैयाँ रहेको पूर्ण-शुक्ला बाल प्रतिभा पुरस्कार प्रदान गरिएको थियो । सम्मानित प्रतिभा रमेश श्रेष्ठले शुक्लाले गरेको सम्मानले आफूलाई थप हौसला प्राप्त भएको बताए । सङ्गमका कार्यवाहक अध्यक्ष रामशरण गैह्रेको अध्यक्षतामा भएको कार्यक्रममा पुरस्कृत स्रष्टाहरूको परिचय नारायण श्रेष्ठ, आनन्दसुन्दर श्रेष्ठ, टुकादेवी आचार्य र आकाश अधिकारीले दिएका थिए । सोही अवसरमा संस्थामा आबद्ध भएर कृति प्रकाशन गरेका नारायणकैलाश सिग्देल, आकाश अधिकारी, जुनु खड्का, टुकादेवी आचार्य, जीवन सागर, टीकाराम पौडेल र शेषमणि आचार्यलाई पनि सम्मान गरिएको थियो ।

सहसचिव सुरज लम्सालको सञ्चालन र सदस्य युवराज पौडेलको स्वागत मन्तव्य रहेको उक्त कार्यक्रममा पञ्चमुनिदेव माविका प्रधानाध्यापक ध्रुवकुमार मल्ल, संस्थाका संरक्षक शेषमणि आचार्य र सल्लाहकार मोती पौडेलले शुभकामना दिएका थिए ।

सोही अवसरमा सम्पन्न १८० औं नियमित काव्य शृङ्खलामा अनुप लामिछाने, यामप्रसाद सापकोटा, शान्ता बाँस्तोला, मोहन भुजेल, सुपुन पौडेल, कविता मानन्धरलगायतले आफ्ना रचना प्रस्तुत गरेका थिए । सङ्गमले हरेक महिनाको अन्तिम शनिबार काव्य शृङ्खला सञ्चालन गर्दै आएको छ ।



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आयोजकलाई पहिलो पटक बिटी कपको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

बिटी क्लबको आयोजनामा जारी १५ औं बिटी कप पाँचौ विरेन स्मृति सेभेन ए साईड फुटबल प्रतियोगिताको उपाधि पहिलो पटक आयोजकले नै जितेको छ।



पोखरा महानगरपालिका १ बगरस्थित पुरानो टुडिखेलमा आज भएको फाईनल खेलमा टाईब्रेकरमा लेकसाईड एफसीलाई २१-२० गोल अन्तरले पराजित गर्दै ऐतिहासिक उपाधि रक्षा गरेको हो। निर्धारित समय गोलरहित सकिएपछि टाईब्रेकरमा दुवै खेलाडीका प्रत्येक खेलाडीले समान ३ पटकसम्म पेनाल्टी प्रहार गरेका थिए। सड एण्ड डेथमा लेकसाईडका मुख्य डिफेण्डर जीवन गुरुङको प्रहारलाई रोक्दै आयोजकका गोलरक्षक राजाबाबु मगरले बिटी क्लबलाई जित दिलाए। उपाधि रक्षा गरेको आयोजक टोलीले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित १ लाख ५१ हजार १ सय ५१ प्राप्त गर्यो। उपविजेता बनेको लेकसाईडले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित ९१ हजार १ सय ११ हात पार्यो। खेल संयोजक क्रिविन गुङका अनुसार प्रतियोगितामा विधागत तर्फ आयोजकका कप्तान अन्जन देवकोटा सर्वोत्कृष्ट खेलाडीको रुपमा घोषित हुदै ट्रफी र नगद रु ७ हजार सहित पुरस्कृत भए।

त्यसैगरी सर्वाधिक गोलकर्ताका रुपमा तारा एफसीका अजित गुरुङ खेल अवधीभर ५ गोल गर्दै ट्रफी सहित नगद ७ हजार प्राप्त गरे। उत्कृष्ट डिफेण्डरका रुपमा लेकसाइडका जिवन गुरुङ, उत्कृष्ट मिडफिल्डरका रुपमा आयोजकका विष्णु थापा, उत्कृष्ट गोलरक्षकका रुपमा सोही टिमकै राजाबाबु मगर घोषित हुदै जनही ५ हजार हात पारे। प्रतियोगिताबाट अनुशासित टिमको रुपमा करापुटार एफसी घोषित हुदै ८ हजार प्राप्त गर्यो। गत १८ गते देखि शनिबार सम्म सञ्चालन भएको प्रतियोगितामा कुल ६२ टिमको सहभागिता रहेको थियो। उक्त प्रतियोगिताको विजेता तथा उपविजेता टोलीलाई क्लबका अध्यक्ष विजया गुरुङ, आर्थिक सहयोगीदाताहरु, क्लबका सल्लाहकारहरु लगायतले पुरस्कार वितरण गरेका थिए।

# अटेरी अभियानको चुनावी घोषणापत्र सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

"निधारमा पर्यटन, आँखामा शिक्षा र स्वास्थ्य, नाकमा सुशासन"



पोखरा। अटेरी अभियानले चुनावी घोषणापत्र सार्वजनिक गरेको छ। शनिबार पोखरामा आयोजित पोखरा लक्ष्य २०७९ कार्ययोजना सार्वजनिकीकरण कार्यक्रम मार्फत घोषणापत्र सार्वजनिक गरिएको हो। "निधारमा पर्यटन, आँखामा शिक्षा र स्वास्थ्य, नाकमा सुशासन" अटेरी अभियान पोखरा लक्ष्य २०७९ नाम दिइएको घोषणापत्र सार्वजनिक गरिएको हो। घोषणापत्र सार्वजनिक गरि सकेपछि सिद्धार्थ नगर नगरपालिका रुपन्देही प्रमुखमा अटेरी उम्मेद्वारी घोषणा गरेकी इशा खड्काले सचेत नागरिकको हैसियले सबैले अटेर गर्नुपर्ने बताइन्। नागरिकहरु नैतिक रहँदा रहँदै पनि व्यवस्थाले नागरिकहरुलाई अनैतिक बन्न बाध्य पारेको समेत उनले बताइन्। नगर प्रमुखका रुपमा अटेरी उम्मेदवारी घोषणा गरि सकेपछि उम्मेदवारी फिर्ता लिन विभिन्न प्रपञ्च रचिएको उनले सुनाइन्। 'मैले उम्मेदवारी घोषणा गरि सकेपछि, उम्मेदवारी फिर्ता लिन विभिन्न प्रलोभनहरु आए, उम्मेदवारी फिर्ता लेऊ समेत भन्नु भयो,' उनले भनिन्। खड्काले एक्लै उम्मेदवारी घोषणा गरेर अटेरी गरि रहँदा पोखरामा जम्मा भएका अटेरी अभियन्ताहरुको भीडले उर्जा थपेको सुनाइन्। घोषणापत्र सार्वजनिकीकरण कार्यक्रममा लेखक कुमार नगरकोटीले दुई कविता सुनाएका थिए। नगरकोटीले अटेरी अभियन्ताहरुलाई शुभेच्छा प्रकट गर्न काठमाडौंबाट पोखरा आएको सुनाए। 'जीवनमा पहिलो चोटी यस्तो कार्यक्रममा उपस्थित भएको छु। साहित्यीक कार्यक्रमहरुमा जाने गर्थे, यो राजनीतिक आम सभामा सुन्न, कहिले पनि भाग लिन गएको छैन,' उनले भने, 'यो नै मेरो जीवनको पहिलो हो।'

लेखक नगरकोटीले अटेरी अभियन्ताहरुलाई जितको शुभकामना दिए। उनले अभियानप्रति समर्थन पनि जनाएका छन्। पोखरा महानगरपालिका प्रमुख पदमा उम्मेदवारी घोषणा गरेर अटेरी अभियानको सुरुआत गरेका गनेस पौडेलले कुनै पनि दलको विचार नबोकी राजनीति गर्न सकिने बताए। 'जसरी तपाई धार्मिक नभई आध्यात्मिक हुन सक्नु हुन्छ। त्यसैगरि राजनीतिक दर्शन यही हो मेरो नभनि तपाई राजनीति गर्न सक्नु हुन्छ,' उनले भने, 'हामीले गर्न खोजेको त्यही हो।' जुनसुकै दलमा आस्था राखे पनि अटेर गर्न उनले अपिल गरे। नेपाल ७० वर्षदेखि राजनीतिक संक्रमणकालबाट गुज्रिएको उनले सुनाए। जनताले चाहेको सामान्य सुविधा लिन पनि निकै सास्ती झेल्नु परेको उनले बताए।

उनले राजनैतिक दलविरुद्ध अटेरी गर्नुपर्ने बताउँदै ढोँगी जीवन नबाच्न समेत सबै मतदातालाई आग्रह गरेका छन्। हाल पोखरामा नगरप्रमुख सहित १५ जनाले वडाध्यक्ष र सदस्य पदका लागि अटेरी उम्मेदवारी घोषणा गरि सकेका छन्।

# आँखा...

गर्नुभयो।

कार्यक्रममा नेपाल नेत्रज्योति सङ्घका निवर्तमान अध्यक्ष प्रा डा तीर्थप्रसाद मिश्र, आइकेयर फाउण्डेशनका प्रतिनिधि अनिल गोर्खाली, सङ्घका उपाध्यक्ष ऋषिराम पौडेल, महासचिव भरतबहादुर चन्द, सङ्घ गण्डकीका उपाध्यक्ष डा दिलबहादुर क्षेत्री, कास्की अध्यक्ष कृष्णबहादुर गुरुङलगायतले मुलुकमा अन्धोपन निवारणमा सङ्घले खेल्दै आएको भूमिकामाथि प्रकाश पार्नुभएको थियो। मुलुकका २५० प्रतिनिधि सहभागी रहेको दुईदिने अधिवेशनले आवश्यकताअनुसार विधान संशोधन गर्ने कार्यक्रम रहेको जनाइएको छ।

समारोहमा आँखा उपचारमा महत्वपूर्ण योगदान गर्ने विभिन्न जिल्लासहित व्यक्तिलाई नगद पुरस्कारसहित सम्मानपत्रले सम्मान गरिएको थियो।

# कास्की लिगमा 'बि-१३' शिर्ष स्थानमा



पोखरापत्र संवाददाता
पोखरा, २६ चैत

अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीको आयोजनामा जारी जिल्ला स्तरीय साबित्री निर्माण सेवा फुटबल लिगमा सत्य युवा क्लब बाझापाटन शिर्ष स्थानमा रहेको छ।

लिग चरणको खेल अन्तर्गत पोखरा रगशालास्थित वैकल्पिक खेलमैदानमा शनिबार भएको खेलमा डेभिजफल क्लबलाई ४-० गोलको फराकिलो अन्तरले पराजित गर्दै शिर्ष स्थानमा उक्लिएको हो। सत्य युवा क्लबले ४ खेल खेल्दै कुल १२ अंक सहित शिर्षस्थानमा रहेको छ खेल संयोजक नर प्रसाद गुरुङले जानकारी दिए। उनका अनुसार अर्को खेलमा नयांगाउँलाई युनाईटेड क्लबले ३-१ गोल अन्तरले हरायो। युनाईटेड क्लबले ३ खेल खेल्दै ३ अंक जम्मा गरेको छ। तेस्रो खेलमा रामघाटको अनुपस्थितिमा फुलबारी क्लबले वाक ओभरमार्फत विजयी बन्यो। यसैगी पोखरा २५ हेम्जास्थित गौरीशंकर खेलमैदानमा ४ खेल सम्पन्न भएको खेल सहसंयोजक सुनिल गायकले बताए। उनका अनुसार पहिलो खेलमा हेम्जा युनाईटेड र नव आदर्श क्लब लामाचौर विच भएको खेल २-२ गोलको बराबरीमा रोकिदै दुवै टिमले समान १ अंक बाडेको छ। र उक्त खेलसँगै हेम्जा युनाईटेको ४ खेल खेल्दै ८ अंक बटुलेको छ। अर्को खेलमा एलजी एशोसियसनले भ्याली स्पोर्टस् क्लबलाई ४-० गोलको फराकिलो अन्तरले हरायो। त्यसैगरी तेस्रो खेलमा ड्यामसाईड क्लबले सँगम एफसीलाई ४-३ गोलले पराजित गर्यो। अन्तिम खेलमा ईन्द्रेणी एकीकृतको अनुपस्थितिमा गार्डेन एफसी वाक ओभरमार्फत विजयी बन्यो।

# एक दिवसीय क्रिकेट, पहिलो दिन पानीले रोकिदाँ खेल बराबरी

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत



कास्की जिल्ला क्रिकेट संघको आयोजनामा शनिबारदेखि एकदिवसीय क्रिकेट सिरिज शुरु भएको छ। एक दिनवसिय अन्तगृत दुई दिने सिरिजको पहिलो दिन पानीले रोकिदाँ कास्की ए र कास्की बीले एक एक अंक बाँडेका छन्। कास्कीको क्रिकेट विकासमा नयाँ आयाम थप्ने उद्देश्यसहित कास्की जिल्ला क्रिकेट संघले एकदिवसिय सिरिज शुरु गरेको हो। अघिल्लो सातामात्रै संघले क्लबस्तरीय शनिबारीय टी-२० क्रिकेट लिग आयोजना गरेको थियो।

शनिबार पोखरा रंगशाला क्रिकेट मैदानमा शुरु भएको एकदिवसिय क्रिकेट अन्तर्गत कास्की ए ले टस जित्दै व्याटिङ शुरु गर्‍यो। ५० ओभर पुरै खेल्ने क्रममा ८ विकेट गुमाउँदै १८२ रन बनायो। ओपनर व्याटर सोहेल कुँवर र विकास अधिकारीले मध्यम शुरुवात गरे। कुवँर नितिश गिरीको बलमा क्याच आउट हुने क्रममा १८ रनमा क्रिजमा थिए। उनले ४० बल खेल्दै २ चौका हिर्काए। पहिलो विकेटको लागि कुँवर र अधिकारीले ५८ रनको साझेदारी गरे। गिरीकै बलमा अधिकारी पनि बोल्ड आउट हुन पुगे। अधिकारीले २७ रन बनाउने क्रममा ३ चौका र १ छक्का हिर्काउँदै सुखद शुरुवात गरे। उनले ४२ बलको सामना गरे। तेस्रो नम्बरमा आएका प्रविन पौडेलले पनि महत्वपूर्ण इनिङ्स खेल्ने क्रममा २६ रन बनाए। सुमन खड्काको बलमा बोल्ड हुदैं पभेलियन फर्किनु अघि नउले ५१ बल खेल्दै १ चौका र १ छक्काको मद्धतमा २६ रन बनाए। प्रतिक आचार्य र रोहित चन्द भने सस्तैमा आउट भए। छैटौं नम्बरमा आएका सुवास भण्डारीले भने कप्तानी इनिङ्स खेल्ने क्रममा अर्धशतकीयर पारी खेले। उनले ७३ बल खेल्दै ५६ रन बनाए। अमृत गुरुङको बलमा किरण पौडेलको हातबाट क्याच भएपछि भण्डारीले क्रिज छाड्न पुगे। उनीपछि आएका व्याटरको योगदान भने उल्लेख्य रहेन्। नितेश गिरीले ८ ओभरमा ३३ रन दिएर ४ विकेट लिदाँ सुमन खड्काले ६ ओभरमा ४१ रन दिदैं ३ विकेट लिए। १८३ रनको लक्ष्य पछ्याएको कास्की बी ११२ रनमा खेलिरहँदा पानी परेपछि खेल रोकिन पुग्यो। अम्पायरको निर्णय अनुसार पहिलो खेल पानीले रोकिदाँ दुवैलाई एक एक अंक प्रदान गर्ने निर्णय गरिएको थियो। छैटौं नम्बरमा आएका अमृत गुरुङको उत्कृष्ट पारी खेल्ने क्रममा ४४ रन बनाए। ४७ बल खेल्दै ४ चौका र २ छक्का हिर्काए। उनी भन्दा अघिका ५ जना व्याटर सस्तैमा आउट भएका थिए। ओपनर मुश्कान थापा शून्यमै आउट हुदाँ सन्चेत कार्कीले ५ रन बनाई आउट हुन पुगे। सागर लामिछाने पनि २ बल खेल्दै आउट हुदाँ ईशान श्रेष्ठले पनि १४ बल खेल्दे ५ रनमा पभेलियन फर्किए।

एकपछि अर्कोगरी विकेट गुमाएपछि कप्तान अमृतले इनिङ्स सम्हाल्नुपर्ने जिम्मेवारी आईलाग्यो। उनी निरज गुरुङको बलमा आउट भएपछि विष्णुप्रसाद शर्मा पनि दोस्रो बलमै आउट भएपछि कास्की बी कमजोर हुन पुग्यो। अनुभवी व्याटर विधान श्रेष्ठले ३६ बलमा ३४ रन बनाई अविजित रहदाँ पानी परेको थियो। उनले १ चौका र ४ छक्का हिर्काएका थिए। एकदिवसिय प्रतियोगिताको उदघाटन खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दिननाथ बरालले अम्पायरलाई बल हस्तान्तरण गर्दै उदघाटन गरेका थिए। संघका अध्यक्ष सन्जयकान्त सिग्देल, कोषाध्यक्ष विरेन पुन, गण्डकी प्रदेश प्रशिक्षक रिजन प्रजु नेपाल क्रिकेट संघ(क्यान)का क्युरेटर प्रदीप राउत लगायतका उपस्थिति थियो।

**सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं।**

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विधुतीय उपकरण सधै लगआउट गरौ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौ।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाउँ।
- सामाजिक जिवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौ।

*सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कस्केली अधिकृत समाजको १० औं साधारणसभा तथा सातौं अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ चैत**

कस्केली अधिकृत समाजको १० औं साधारणसभा तथा सातौं अधिवेशन एक कार्यक्रमकाबीच सम्पन्न भएको छ।

अधिवेशनले समाजको नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ। चन्द्रबहादुर सुवेदीको अध्यक्षतमा निर्वाचित समितिको उपाध्यक्षमा लोकनाथ दवाडी, सचिवमा महेश पौडेल, सहसचिवमा विष्णुप्रसाद पोखरेल र कोषाध्यक्षमा सुमित्रा मल्ल उदास रहनुभएको छ। त्यस्तै समितिको सदस्यहरूमा अनिल शाही, ई.सजिन्द्र तुलाचन, वासुदेव पौडेल, विजयप्रसाद लामिछाने, वसन्त चालिसे, सन्तोष ढुङ्गाना, चन्द्रावती अधिकारी(वाग्ले), अनिल सुवेदी र मैया पराजुली



रहनुभएको छ । अधिवेशन सम्पन्न गर्न कृष्णकान्त सिग्देलको संयोजकत्वमा प्रेमप्रकाश गौतम, विष्णुप्रसाद बराल, भगवान पन्त र दीर्घ ढुङ्गाना सदस्य रहनुभएको निर्वाचन समिति गठन गरिएको थियो । यस अघि अधिवेशनको उद्घाटन समारोहमा उच्च अदालत पोखराका मुख्य न्यायाधिश डिल्लीराज आचार्यले कस्केली अधिकृत समाजलाई सामाजिक काम गर्ने माध्यमका रुपमा अघि बढाउनुपर्ने बताउनुभयो । समाजका अध्यक्ष दुर्गाबहादुर शाह बाबाले सकारात्मक सहकार्य र भावनात्मक एकतामा जोड दिदै कृयाशिल समाजले आगामी दिनमा अझै सामाजिक उत्तरदायित्व बहन गर्दै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । उक्त अवसरमा समाजद्वारा प्रकाशित अधिकृत आवाज(अङ्क १०) लोकापर्ण गरिएको थियो भने समाजसेवी एवम् पुम्दीकोट विशाल महादेव मूर्ति निर्माण अभियानका संयोजक चन्द्रकान्त बराल, समिक्षक असफल गौतम सहित समाजमा विशिष्ट योगदान गर्ने व्यक्तिहरूलाई सम्मान गरिएको थियो। समाजका अध्यक्ष दुर्गाबहादुर शाह(बाबा) को अध्यक्षता एवम् सचिव लोकनाथ दवाडीले सञ्चालन गर्नुभएको कार्यक्रममा उपाध्यक्ष चन्द्रबहादुर सुवेदीले स्वागत गर्नुभएको थियो। कार्यक्रममा गैर सरकारी महासंघ कास्कीका गोपिबहादुर थापा, राजयोगिनी सुधा बराल, सम्मानित व्यक्तित्व चन्द्रकान्त बराल, सल्लाहकार प्रेमप्रकाश गौतम, डा.दीर्घनाथ ढुङ्गाना, जिल्ला न्यायाधिश वसन्तराज पौडेल लगायतले बोल्नुभएको थियो।

# नाटक 'शिरीषको फूल' लाई पोखरेली दर्शकको साथ

**मिना भुजेल**
**पोखरा, २६ चैत**

पोखरा थिएटरको गन्धर्व नाटकघरमा मञ्चन भइरहेको नाटक 'शिरीषको फूल' ले पोखरेली दर्शकको माया पाएको छ।

थिएटर मल र पोखरा थिएटरको सहकार्यमा चैत्र २४ गतेबाट मञ्चन भइरहेको नाटकले वर्षाका बाबजुत पनि दर्शक पाइरहेको छ । सुप्रशिद्ध साहित्यकार पारिजातको मदन पुरस्कार विजेता उपन्यास शिरीषको फूल (वि.स.२०२२) मा आधारित नाटक भएकोले यो नाटक हेर्न पुग्नेमा युवा अवस्थाका विद्यार्थी बढी रहेका छन्। नाटकलाई आर्कषक बनाउन निर्माण युनिटले राम्रो मेहनत गरेको छ । फलस्वरुप नाटक हेर्न पुगेका दर्शक सन्तुष्ट मात्र छैनन् अरुलाई पनि नाटक हेर्न सुझाइरहेका छन् । शनिबार नाटक दुई सो मञ्चन गरियो। दुवै सो मा दर्शकको राम्रो उपस्थिती थियो । नाटक चैत्र २७ गते आइतबारसम्म मञ्चन हुनेछ।

केदार श्रेष्ठको परिकल्पना रहेको नाटकको निर्देशन अञ्जान प्रदीपले गर्नुभएको छ । काठमाडौ तथा



पोखराका कलाकारको अभिनय नाटकमा हेर्न पाइन्छ। नाटककी पात्र सकमबरीको भुमिकामा समृद्धि नेपाल, सुयोगविरको भुमिकामा संजय विश्वकर्मा, शिवराजको भुमिकामा हाङ ओ हाङ राई, मुजुराको रुपमा सविना गोपाली, सानु हेड हन्टरीकी छोरीको रुपमा अञ्जु रिजाल, भैसी गोठाल्नीको रुपमा मनिषा केसी, आदिवासी युवतीको रुपमा एलिसा भोग, मटिनचीको भुमिकामा दिप्सन विश्वकर्मा र पारिजातको भुमिकामा अञ्जु दाहालको अभिनय हेर्न पाइन्छ । नाट्य आलेख चौथो आयामले तयार पार्नु भएको हो । थिएटर मलका संस्थापक तथा कला निर्देशक रहनुभएका परिकल्पनाकार केदार श्रेष्ठले पोखरेली रंगप्रेमीको मायाका कारण उत्साह थपिएको बताए । प्रतिकुल मौसमका कारण समेत दर्शकको साथ मिलेकोमा खुशी लागेको उनको भनाई छ । नाटकले दर्शकको ध्यान खिच्दै मन जित्न सफल भएकोमा निर्देशक अञ्जान प्रदीप पनि सन्तुष्ट छन् । पोखरा थिएटर संस्थापक तथा क्रियटिभ डाइरेक्टर परिवर्तनले थिएटर मलसँग संस्थागत सहकार्यमा मञ्चन गरिएको नाटकले थिएटरमा रौनक थपिएको सुनाए। अब देशका विभिन्न नाट्य समुह वा नाटकघरसँगको सहकार्यमा वार्षिक रुपमा निरन्तर नाटक पस्कने सोच बनेको परिवर्तनको भनाई छ।

# सडक निर्माणमा भएको ढिलासुस्तीले पर्यटक र स्थानीयवासीलाई सास्ती

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ चैत**

म्याग्दीस्थित गण्डकी प्रदेशकै प्रमुख पर्यटकीयस्थल घोडेपानी जोड्ने पोखरेबगर-घोडेपानी सडक निर्माणमा भएको ढिलासुस्तीले पर्यटक र स्थानीयवासीलाई सास्ती भएको छ।

कालोपत्र, ढलान र ग्राभेल गरेर स्तरोन्नति गर्ने लक्ष्यसहित चार वर्षअघि सुरु भएको सडक निर्माण कार्य अधकल्चो र अधुरो बनेको छ । तत्कालीन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले विसं २०७५ मङ्सिरमा सुरु गरेको १८ किलोमिटर ५४० मिटर दुरीको अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि घार-खिवाङ-शिख-फलाते हुँदै पर्यटकीय बस्ती घोडेपानी नजिकको चित्रे जोड्ने सडकको निर्माण २०७७ जेठ २२ गते सक्ने सम्झौता थियो। सडक निर्माण अधुरो हुँदा शिख र घारका दुई हजार ५०० घरधुरीका बासिन्दासहित दैनिक सयौंको सङ्ख्यामा गाडी तथा मोटरसाइकलमा घोडेपानी जाने आउने पर्यटकलाई सास्ती भएको अन्नपूर्ण-६स्थित बिरौटाका सुवोध बरुवालले बताउनुभयो । "चार पटक म्याद थप्दा पनि काम अधुरो छ", उहाँले भन्नुभयो, "बेस र सब बेस राखेको सडकमा कालोपत्र नगर्दा आसपासका क्षेत्रमा धुलोले सताएको छ। माथिल्लो क्षेत्रमा प्रारम्भिक चरणको काम पनि थालिएको छैन ।" जिरोदेखि १६ किमी दुरीको सडक विस्तार, नाली र पर्खाल बनाएर अधिकांश ठाउँमा ढलान, सोलिङ र कालोपत्र गर्ने बेस बिछ्याएका ठेकेदारले सात हजार २२१ घनमिटर मेसिनरी र ग्याबियन पर्खाल लगाउने सम्झौताअनुसारको काम सकेपनि थप काम गर्न भेरियसन अर्डरका लागि गरिएको प्रस्ताव स्वीकृत नभएका कारण देखाएर घोप्टेखर्कदेखि चित्रे खण्डमा प्रारम्भिक चरणको कामसमेत गरेका छैनन्। चित्रेका चीनबहादुर गर्बुजाले पोखरेबगरदेखि शिखसम्म विस्तार, नाली, पर्खाल निर्माण र कालोपत्रको तयारी भए पनि घोप्टेखर्कदेखि चित्रेसम्म बजेट अभावका कारण देखाएर काम नगरिएकामा चिन्ता व्यक्त गर्नुभयो। "बजेटको व्यवस्था गरेर बाँकी कामलाई पूर्णता दिएमा स्थानीयवासीका साथै घोडेपानी घुम्न आउने पर्यटकलाई सुविधा हुने थियो", उहाँले भन्नुभयो, "परिणाम सकिएपछि नाली र पर्खालबिनै बिस्तार गरिएको सडकको दिगोपनामा समस्या छ।" मोतीदान-जयमाता जेभीले रु २७ करोड ९१ लाख ३५ हजारमा ठेक्का लिएको यो सडकको हालसम्मको भौतिक प्रगति ७२ प्रतिशत छ। राष्ट्रिय पुनःनिर्माण प्राधिकरण खारेज भएपछि कास्कीस्थित स्थानीय पूर्वाधार विकास कार्यालयमा हस्तान्तरण भएको यो सडकको चौथो पटक म्याद थपिएको म्याद यही चैत महिनामा सकिँदैछ । निर्माण व्यवसायीले पर्याप्तमात्रामा मजदुर र उपकरण परिचालन गर्न नसक्नु, आयोजनाका प्रमुख छिटोछिटो परिवर्तन हुनु तथा पछिल्लो समय प्रस्ताव गरिएको भेरियसन अर्डरको प्रस्ताव स्वीकृति नहुनु ढिलासुस्तीका कारण हो । अन्नपूर्ण-६ घारका वडाध्यक्ष कृष्णप्रसाद बरुवालले बिरौटा-शिख खण्डमा कालोपत्र गर्न निर्माण कम्पनीलाई ताकेता गर्नाका साथै घोप्टेखर्क-चित्रे खण्डमा पूर्णता दिन थप बजेटको व्यवस्थाका लागि प्रदेश र सङ्घीय सरकारमा पहल गरिएको बताउनुभयो।

म्याग्दीको गौरवको आयोजना मानिएको पोखरेबगर-चित्रे सडक आयोजनाको सडक यातायात मात्र नभएर पर्यटन, कृषिको विकासका लागिसमेत उत्तिकै महत्वको छ । सडक स्तरोन्नति भएपछि पर्यटकीयस्थल घोडेपानीमा आन्तरिक पर्यटकको आगमन बढ्ने, शिख र घारका बासिन्दालाई आवतजावतका साथै ढुवानी तथा कृषि, पशु र वनजन्य उत्पादन निकासीमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# बागलुङमा कालिकामा दर्शनार्थीको घुइँचो

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ चैत**

गण्डकी प्रदेशको प्रसिद्ध धार्मिकस्थल बागलुङ कालिका भगवती मन्दिरमा चैतेदसैंको अवसरमा दर्शनार्थीको घुइँचो नै लागेको छ । चैतेदसैंको अवसरमा छिमेकी मुलुक भारतसहित, काठमाडौँ, पोखरा, चितवनलगायतका क्षेत्रबाटसमेत धार्मिकपर्यटक कालिकामन्दिरको दर्शनगर्नआएकोबागलुङकालिका मन्दिर गुठी व्यवस्थापन समितिले जनाएको छ।

कालिका मन्दिरमा दर्शनार्थीको सुरक्षाका लागि बाक्लो सङ्ख्यामा प्रहरीसमेत परिचालन गरिएको छ। चैतेदसैं सुरु भएसँगै कालिका मन्दिरमा चहलपहल बढे पनि चैतेदसैंको मुख्य दिनमा बिहान तीन बजेदेखिनै दर्शनार्थीको लाइन लागेको बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो।

"चैतेदसैं सुरु भएसँगै दर्शनार्थीको चाप बढेकै थियो, आज मुख्य दिन दर्शनार्थीको निकै चाप छ, दर्शनार्थीको व्यवस्थापनका लागि सुरक्षाकर्मी र स्वयंसेवक परिचालन गरिएको छ", अध्यक्ष खड्काले भन्नुभयो "गण्डकी प्रदेशमा चैतेदसैंको अवसरमा बागलुङ कालिका दर्शन निकै महत्वपूर्ण मानिँदै आएको छ, पछिल्लो समय भइरहेको प्रचारप्रसारका कारण विभिन्न जिल्ला र भारतबाट समेत दर्शनार्थी आउने गरेका छन्।" चैतेदसैंका अवसरमा गुठी व्यवस्थापन समितिले चैत्राष्टमी मेलाको समेत आयोजना गरेको छ। मेला यही चैत २८ गतेसम्म चल्नेछ।

चैतेदसैंका अवसरमा कालिका मन्दिर परिसर दुलहीझैं सिगारिएको छ।

# रामनवमी पर्व

**रासस**
**काठमाडौं, २६ चैत**

चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको सम्झनामा मनाइने 'रामनवमी' पर्व आज देशभरि श्रद्धा र भक्तिपूर्वक मनाइँदैछ।

असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरहरूमा पूजापाठ गरिन्छ। त्रेतायुगमा आजकै दिन भारतको अयोध्यामा राजा दशरथ र रानी कौशल्यावतीको सुपुत्रका रुपमा विष्णुको अवतार लिएर भगवान् श्रीरामको जन्म भएको थियो। त्यही स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ।

आजका दिन व्रत बसी श्रीरामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पूरा हुने र अर्को जन्ममा बैकुण्ठ वास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ । अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको सातौं अवतारका रूपमा जन्मनुभएका श्रीरामले मिथिलाका राजा जनकको छोरी सीतासँग विवाह गरेपछि संसारबाट पापी तथा दुष्ट राक्षसहरूको नाश गर्नुभएको थियो।

# बस्तीपिच्छे सिँचाइ आयोजना

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ चैत**

वडाभर सिँचाइ सुविधा पुऱ्याउन काठेखोला गाउँपालिका-७ रेशमा निर्माण थालिएका सिँचाइ आयोजनाले गति लिएका छन् । रेशका सबै बस्ती समेट्ने गरी सञ्चालनमा ल्याइएका ती आयोजनामा स्थानीयवासीदेखि प्रदेश सरकारसम्मको लगानी छ।

दुई करोड ३५ लाख ११ हजार बजेटको पखेरीडाँडा-देउराली-सिम्ले सिँचाइ आयोजना यही वर्षभित्र सक्ने लक्ष्य रहेको उपभोक्ता समितिका अध्यक्ष नरबहादुर मल्लले बताउनुभयो । पक्की कुलो निर्माण भइसकेर अहिले पाइपलाइनको काम भइरहेको उहाँको भनाइ थियो। गण्डकी प्रदेश सरकारको बजेटमा तीन वर्षअघि उक्त आयोजनाको काम थालिएको थियो।

रेश खोलाको मुहानबाट साढे दुई किमी पक्की कुलो निर्माण गरेर बस्तीमा सिँचाइ सुविधा पुऱ्याइएको छ । धेरै वर्ष पहिले गाउँलेले खानेपानीका लागि ल्याएको कुलोलाई नै पक्की बनाएर सिँचाइमा प्रयोग गरिएको अध्यक्ष मल्लले बताउनुभयो । "यसबाट १५० हेक्टर जग्गा सिञ्चित हुन्छ, यो रेशकै ठूलो सिँचाइ आयोजना हो", उहाँले भन्नुभयो।

सोही वडामा डोटा-साङ्खोला सिँचाइ आयोजना पनि सञ्चालित छ । आयोजनाको ९५० मिटर नहर बनाइएपछि अहिले किसानले सिँचाइ सुविधा पाइरहेका छन् । स्थानीय उपभोक्ता युवराज गौतमले उक्त आयोजनाबाट गोटडाँडा, सिम्ले, मरुवा, पैरैलगायत ठाउँमा सिँचाइ सुविधा पुगेको बताउनुभयो।

"सिँचाइका लागि पानीको ठूलो स्रोत भएको यो आयोजनाले रेशका धेरै ठाउँलाई समेट्छ", उहाँले भन्नुभयो, "चालू आवमा पनि थप रु १० लाखको बजेटबाट आयोजना विस्तारको काम हुँदैछ ।" जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयको बजेटमार्फत दुई वर्षअघि उक्त आयोजनाको काम सुरु गरिएको थियो । पहिलो वर्ष रु २० लाख, गतवर्ष रु ३० लाखको काम भएको उपभोक्ता समितिले जनाएको छ । सोही ठाउँमा विसं २०६८ मा पुरानो सिँचाइ कुलो मर्मत गर्ने क्रममा सुख्खा पहिरामा पुरिएका स्थानीय पाँच महिलाले ज्यान गुमाउनुपरेको थियो। अहिले बनेका आयोजनाबाट सिँचाइ सहज भएपछि गाउँले पनि खुसी छन् । रेशको अर्को सिँचाइ आयोजना हो, दामगाडे। खरदाङको मुहानबाट एक हजार ५०० मिटर पाइप बिच्छ्याएर सिँचाइका लागि पानी ल्याइएको उक्त आयोजनाका उपभोक्ता रामचन्द्र गौतमले बताउनुभयो । आयोजनाबाट भुनिया, आलखेत, आँटारी हुँदै जिरेदीको फाँटसम्म सिँचाइ पुग्ने उहाँको भनाइ थियो।

उपभोक्ता गौतमका अनुसार सिँचाइ आयोजनाबाट पानी मिल सञ्चालकले पनि लाभ लिइरहेका छन् । दामगाडे आयोजनाको मुहानबाटै अर्को सिँचाइ आयोजना पनि सञ्चालित छ । उक्त आयोजना भने स्थानीयवासीको लगानी र जनश्रमदानबाट बनाइएको हो। करिब एक हजार मिटर पाइपलाइनको यस आयोजनाबाट दामगाडेदेखि आरिमपाटासम्म सिँचाइ सुविधा पुग्छ।

यस्तै सञ्चालनमा रहेको गाउँपालिकाको रु ५० लाख बजेट निर्मित पल्लाचौरी-डोटेस्वाँरा-बिरटैटा सिँचाइ आयोजनाबाट रामपास, सिम्लेलगायतका ठाउँमा सिँचाइ सुविधा पुऱ्याइएको छ। रेशमा थप अरु आयोजनाका लागि पनि प्रस्ताव अघि बढाइएको वडाध्यक्ष प्रेम लामिछानेले बताउनुभयो। बनिसकेका र निर्माणाधीन आयोजनाबाट बस्ती छेउछाउका बारीसँगै बेसीको फाँटमा बाह्रैमास सिँचाइ सुविधा पुग्ने उहाँको भनाइ थियो । "रेशका एक हजार १०० घरधुरीले नै सिँचाइ आयोजनाबाट लाभ पाउँछन्", वडाध्यक्ष लामिछानेले भन्नुभयो, "वर्षौंदेखि रेशका बासिन्दाले भोग्दै आएको सिँचाइको असुविधा अन्त्य हुँदैछ।"


जन्म एउटै कर्म एउटै बाटो एउटै रहेछ।
सबै जना विलिन हुने माटो एउटै रहेछ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. १९७७ /११/ २९ गते

स्वर्गारोहणः
वि.स. २०७८/१०/ २२ गते

**स्व. कुमारी गुरुङ**

कास्की जिल्ला साविकको भलाम गा.वि.स. वडा नं. ८ भलाम डाँडागाउँ घर भई हाल पोखरा महानगरपालिका वडा नं. २० भलाम डाँडागाउँ निवासी जोगीमणी तमु समाजका उपाध्यक्ष सल्लाहकार एवं 1/4th गोर्खा राईफल्स भू.पू. सैनिक संघ पोखराका अध्यक्ष सु.मे. अनेररी क्या. गम बहादुर गुरुङ सहावको ममतामयी माता **कुमारी गुरुङ** को १०१ वर्षको उमेरमा स्वर्गारोहण हुनु भै आज उहाँको ६४ औं दिनको पितृ पूजा (अर्घौ) को पुण्यतिथिको अवसरमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन् भनि कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**सु. राम प्रसाद गुरुङ**
**सचिव**

**सु.मे.अनेररी क्या.शुक बहादुर गुरुङ**
**उपाध्यक्ष**

**तथा**

**सम्पूर्ण 1/4th गोर्खा राईफल्स (जेठी) /भू.पू. सैनिक संघ पोखरा**